संघीय संसद

प्रतिनिधि सभा

## शिक्षा ,स्वास्थ्य तथा सूचना प्रविधि समिति

बैठक संख्या- ७६

मिति- २०८१/०४/०३

### छलफल र निर्णय

विद्यालय शिक्षा सम्बन्धी कानूनलाइ संशोधन र एकीकरण गर्न वनेको विधेयक सम्बन्धमा संशोधनकर्तासंग छलफल गर्न बसेको शिक्षा ,स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिका सभापति मा.अम्मर बहादुर थापाको सभापतित्वमा बस्यो । समिति बैठकमा शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयका मा.मन्त्री विद्या भट्टराई एवम् मन्त्रालयका सचिव ,सह सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको उपस्थिति थियो ।

१.विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयकका सम्बन्धमा देहायका संशोधनकर्ता माननीयहरुले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ , सैद्धान्तिक पक्ष ,गुणस्तर र औचित्यको सन्दर्भमा धारणा राख्नु भयो।

- मा. दामोदर पौडेल वैरागी
- मा.माधव सापकोटा
- मा. बुद्धिमान तामाङ्ग
- मा. जनार्दन शर्मा
- मा.अमरेश कुमार सिंह
- मा. गोकुल वास्कोटा
- मा.रघुजी पन्त
- मा.जीवन परियार
- मा.मीना तामाङ्ग
- मा.श्याम कुमार घिमिरे
- मा.उर्मिला मार्झी

[signature] [signature]

समिति सचिव

२. नेपाल विश्वविद्यालय सम्बन्धी विधेयक सम्बन्धमा गठित सहजीकरण उपसमितिमा मा.दीपा शर्मा र डिग वहादुर लिम्बु साथै उजुरी तथा निवेदन छानवीन उपसमितिको संयोजकमा मा.इश्वरी घर्ती हुने गरि निर्णय गरियो । अन्य सदस्यहरु एवम् अन्य उपसमितिको हकमा समिति सभापतिले आवश्यक समन्वय गरी नाम निक्यौल गर्ने निर्णय गरियो ।

३.माध्यामिक शिक्षा परीक्षा (एस.ई.ई).को नतिजामा कुल विद्यार्थीहरुमध्ये ५० प्रतिशत भन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएको सन्दर्भमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ । यसवाट शिक्षण व्यवस्थापन ,परीक्षा प्रणालि र प्रक्रियामा गुणस्तर सुधार वाञ्छनीय देखिन्छ । परीक्षामा असफल हुने केहि विद्यार्थी आत्महत्या समेत गरेको समाचार आएका छन । शिक्षा प्रणालिमा नै चुनौति आउने यस्ता घटना सोचनीय देखिएको सन्दर्भमा समग्र पक्षमा गुणस्तर सुधारको लागि समितिले शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ । साथै पुनर्योगका लागि निवेदन दिने मध्ये धेरै विद्याथी उत्तीर्ण भएको जानकारी यस समितिमा प्राप्त भएको सन्दर्भमा सो को एकीन विवरण यस समितिमा पठाउन पनि समिति निर्देश गर्दछ । नतिजा प्रकाशनमा त्रुटि भएको पाइएमा आगामि दिनमा यस प्रकारको कमजोरी हुन नदिने उपाय अवलम्बन गर्न पनि समितिले शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४.गुरुकुल ,मदरसा,गुम्वा लगायतका परम्परागत विद्यालयहरुमा धेरै विद्यार्थी अध्ययनरत रहेको सन्दर्भमा यस प्रकारका शिक्षालयहरुमा शिक्षक दरवन्दी,पाठ्यक्रमको समुचित प्रवन्ध,भौतिक पूर्वाधार लगायत श्रोत व्यवस्थापन गर्न प्रक्रिया अघि बढाउन शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयललाइ निर्देश गर्ने ।

५ माननीय विद्या भट्टराइ संयोजक रहेको मिति २०८१ ०३ २७ गतेको उजुरी तथा निवेदन छानविन अध्ययन उपसमितिको प्रतिवेदन उपर समितिमा व्यापक छलफल भइ उपसमितिवाट समितिमा पेश भए बमोजिम सुझाव तथा निर्देशन कार्यान्वयनको लागि त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालयलाइ पत्राचार गर्ने ।

समितिको अर्को बैठक सूचना जारी गरेपछि बस्ने गरि आजको वैठक स्थगित गरियो ।

मा. अम्मर बहादुर थापा

समिति सभापति

निर्मलादेवी लामिछाने(वस्ती)

समिति सचिव